गाउँपालिका उपाध्यक्ष श्री जमुना थापा मगरज्यूबाट गाउँसभाको १४औं अधिवेशनको पहिलो बैठकमा पेश भएको र दोश्रो बैठकबाट केही संशोधन सहित स्वीकृत भएको आगामी आ.ब. २०८१।८२ को बार्षिक बजेट तथा कार्यक्रमको पूर्णपाठ ।

**सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, एवम् अतिथिज्यूहरु, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,**

आज हामी यस घरपझोङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा यस गरिमामय सभामा उपस्थित भइरहेका छौं। यसै अवसरमा यस सम्मानित गाउँसभामा उपस्थित रहनुहुने आदरणीय सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथीज्यूहरु, सभाका सदस्यज्यूहरु, सभाका सचिव ज्यू, शिक्षक तथा कर्मचारी साथीहरु एवम् पत्रकार तथा संचारकर्मी मित्रहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु। आजको यस महत्वपूर्ण घडीमा यहाँहरु सामु उभिएर घरपझोङ गाउँपालिकाको भावी रुपरेखा कोरिएको बजेट प्रस्तुत गरिरहँदा उत्पिडनका विरुद्ध आवाज उठाई देश र जनताको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

स्थानीय तह स्थापना पश्चातको आठौं तथा हाम्रो दोस्रो कार्यकालको तेस्रो वर्षमा विधि र शासनको परिपालना गर्दै गाउँसभा संचालनको निर्धारित समय सीमा भित्र नै घरपझोङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गर्वको महशुस भएको छ। भिन्न भिन्न पृष्ठभूमिबाट एक ठाउँमा उभिन आइपुगेका हामिहरु जनताको सेवा सुविधा प्राप्ती र घरपझोङ गाउँपालिकावासीहरुको विकास निर्माण र उज्वल भविष्यका लागि एक मतका साथ अगाडी बढ्नु हामी सवैको दायित्व रहेको छ। **"घरपझोङको समृद्धिः कृषि, पर्यटन र संस्कृति"** भन्ने सोचलाई साकार पार्न सबैको साथ र सहयोगको अपेक्षा राख्दै अव म आगामी आ.व.२०८१/८२ को बजेट प्रस्तुत गर्नुपुर्व चालु आर्थिक वर्ष २०८०/८१ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहान्छु।

**सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु एवम् सभाका सदस्यज्यूहरु,**

आर्थिक वर्ष २०८०/८१ मा रु. ९० लाख १० हजार रुपैयाँ राजस्व संकलन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको हालसम्म करिव ५५ लाख रुपैयाँ राजस्व संकलन भै सकेको छ। त्यसै गरी चालु आर्थिक वर्षको हालसम्ममा नेपाल सरकारबाट वित्तिय समानिकरण अनुदान रु. ७ करोड ४ लाख अनुमान गरिएकोमा रु. ५ करोड २१ लाख ७३ हजार मात्र प्राप्त भएको छ। यस मध्य हाल सम्मको खर्च रु. ३ करोड ६२ लाख रहेको छ। संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट रु.४ करोड २९ लाख १७ हजार अनुमान गरिएकोमा हालसम्म रु. २ करोड २६ लाख ५१ हजार मात्र प्राप्त भएको र सो रकम मध्यबाट रु. २ करोड ६ हजार ९ सय खर्च भएको छ।

चालु आर्थिक वर्ष २०८०/८१ को लागि संघीय सशर्त अनुदान तर्फ रु.९ करोड ६८ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु.९ करोड ६५ लाख ५० हजार प्राप्त भई उक्त रकम बाट रु.६ करोड ६५ लाख ७४ हजार खर्च भएको छ।

त्यसै गरी आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ रु.६६ लाख ८६ हजार रकम अनुदान प्राप्त हुने प्रक्षेपण गरिएकोमा हालसम्म रु.५० लाख १४ हजार प्राप्त भई सो रकम बाट

रु.३० लाख  खर्च भइसकेको छ। प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट रु.१९ लाख ४७ हजार अनुमान गरिएकोमा हालसम्म रु.१४ लाख ९२ हजार प्राप्त भई सो रकम सबै खर्च भएको छ

चालु आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारबाट रु.४० लाख शसर्त अनुदान प्राप्त हुने अनुमान गरिएकोमा रु १३ लाख २० हजार प्राप्त भई सबै रकम खर्च भएको छ।

चालु आर्थिक वर्षमा संघीय सरकार विशेष अनुदान तर्फ १ करोड ६० लाख प्राप्त हुने अनुमान गरिएकोमा सबै रकम प्राप्त भई हाल सम्म ३८ लाख ४७ हजार रुपैयाँ  खर्च भएको छ।

**सभा अध्यक्षज्यू एवम् सभाका सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भई कार्यान्वयन भैरहेका क्षेत्रगत बजेट तथा कार्यक्रमहरुको विवरण संक्षेपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**आर्थिक विकास क्षेत्रः-**

आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, पर्यटन, सहकारी, जलश्रोत, पशुपंक्षी विकास र भूमि व्यवस्थाका क्षेत्रमा रु. २ करोड ८६ लाख ७३ हजार विनियोजन भएकोमा हालसम्मको खर्च रकम रु. १ करोड ८१ लाख १५ हजार रहेको छ। यो आर्थिक विकास क्षेत्रमा विनियोजित कुल बजेटको ६३.१७% हुन आउँछ।

**पूर्वाधार विकास क्षेत्रः-**

पूर्वाधार विकास क्षेत्र अन्तर्गतका उपक्षेत्रहरु सडक पूर्वाधार, भवन, आवास तथा सहरी विकास, उर्जा, विज्ञान तथा प्रविधिमा चालु आर्थिक वर्षका लागि ६ करोड ७० लाख  ३ हजार विनियोजन भएकोमा हालसम्मको खर्च रकम रु. ४ करोड ४० लाख ७८ हजार रहेको छ। यो रकम पूर्वाधार विकास क्षेत्रमा कुल विनियोजित बजेट रकमको ६५.७८% हुन आउँछ।

**सामाजिक विकास क्षेत्रः**

सामाजिक विकास क्षेत्र अन्तर्गतका विषयहरु जस्तै सामाजिक सुरक्षा तथा संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण, भाषा तथा संस्कृति यूवा तथा खेलकुदमा चालु आर्थिक वर्षका लागि रु. ११ करोड ८४ लाख २३ हजार विनियोजन भएकोमा हालसम्मको खर्च रकम रु. ६ करोड ९० लाख २९ हजार रहेको छ। यो विनियोजित बजेट रकमको ५८.२९% हो।

**सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रः**

चालु आर्थिक वर्षमा सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ७८ लाख ७३ हजार अनुमान गरिएकोमा हालसम्म रु. ५७ लाख ७३ हजार खर्च भएको छ। यो कुल व्यय अनुमानको ७३.३२% हो।

चालु आर्थिक वर्षमा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु. ८ करोड ६५ लाख विनियोजन गरिएकोमा हाल सम्म रु.३ करोड ७२ लाख ६३ हजार खर्च भएको छ। यो कुल विनियोजन रकमको करिब ४३.०७% हुन आउँछ।

**सभा अध्यक्षज्यू,प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु एवम् सभाका सदस्यज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष २०८१/८२ को लागि आय र व्ययको अनुमान यस  गरिमामय सभामा पेश गर्ने अनुमति चाहान्छु। हामीले नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका आधारहरु एवम् हाम्रा संकल्पहरु, विषयगत समितिहरु, वस्तिस्तरका योजना एवम गाउँपालिकाका गौरवका योजना र प्राप्त अन्य कार्यक्रमहरु बमोजिम आ.व. २०८१/८२ को लागि अनुमानित बजेटको कूल आकार रु.३१ करोड १८ लाख ७६ हजारको रहेको छ।

अनुमान गरिएका खर्च स्रोत व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट समानिकरण अनुदान रकम रु.६ करोड ९६ लाख, संघ सरकारबाट राजस्व बाँडफाँड तर्फको मु.अ. कर, अन्तशुल्क, राष्ट्रिय वन र पर्वततारोहणको रोयल्टी समेत गरी रु.४ करोड ५६ लाख, संघीय सरकार बाट शसर्त चालु अनुदान रकम रु.९ करोड ८३ लाख ५९ हजार, संघीय विशेष अनुदान तर्फ रु.२ करोड १० लाख, संघीय शसर्त पूँजिगत अनुदान तर्फ रु.१ करोड, गण्डकी प्रदेश सरकार बाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान तर्फ रु.६६ लाख ५१ हजार, प्रदेश समपुरक अनुदान तर्फ रु.६० लाख, प्रदेश शसर्त अनुदान तर्फ रु.४० लाख, सामाजिक सुरक्षा एवम संरक्षणको लागि रु. १ करोड ९० लाख, सडक बोर्ड नेपाल बाट रु.२५ लाख तथा आगामी आ.व.मा संकलन हुने अनुमानित आन्तरिक राजस्व रकम रु.१ करोड १७ लाख ७० हजार तथा बैंक मौज्दात अनुमानित रकम रु. १ करोड २३ लाख ३६ हजार ४ सय ९० हुने अनुमान रहेको छ।

**सभाध्यक्षज्यू एवम् सभाका सदस्यज्यूहरु,**

अव म उल्लेखित श्रोतहरुबाट गरिएको आय अनुमान लाई क्षेत्रगत रुपमा कार्यक्रम एवम् विनियोजन बजेट पेश गर्न चाहन्छु।

**<u>आर्थिक विकास क्षेत्रः-</u>**

- यस गाउँपालिकाको मुख्य आर्थिक उपार्जन गर्ने क्षेत्रको रुपमा रहेको कृषि, पशुपालन तथा पर्यटन क्षेत्र प्रबर्द्धनको लागि विशेष योजना तथा कार्यक्रमहरु प्रस्ताव गरेको छु।
- विगत वर्षहरुमा जस्तै स्याउ उत्पादनमा वृद्धि गराउने उद्देश्यले स्याउको रुख बिरुवामा लगाउने खनिज तेल ५०% अनुदान कार्यक्रमको बजेटको आकार केही वृद्धि गर्दै आगामी वर्षको लागि रु.१३ लाख प्रस्ताव गरेको छु।
- स्थानीय स्याउको प्रचार प्रसार एवम प्याकेजिङलाई टेवा पुर्याउनको लागि ५ केजिको स्याउको कार्टुन ५०% अनुदानमा वितरण गर्न बजेट व्यवस्था गरेको छु।
- आ.व.२०८१/८२ मा नयाँ स्याउ तथा ओखर पकेट कार्यक्रम विस्तारको लागि पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु.१२ लाख बजेट व्यवस्था गरेको छु।
- परम्परागत बाली संरक्षण एवम बालि विकास कार्यक्रम अन्तर्गत रैथाने बाली प्रवर्दनको लागि रु. ६ लाख बजेट व्यवस्था गरेको छु।साथै किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।गाउँपालिकाको गौरवको आयोजनामा समेत संलग्न राखी यस घरपझोङ गाउँपालिका वडा नम्बर ४ स्थित मातृचक्र कृषि उद्यान व्यवस्थापन योजना संचालनमा ल्याउन रु. ५० लाख बजेट व्यवस्था गरेको छु।

- पशुपंक्षी विकास शाखा मार्फत सम्पादन हुने विभिन्न कार्यक्रमहरु पशुपंक्षीको औषधी खरिद, वाह्य तथा आन्तरिक परजिवी नियन्त्रणका कार्यक्रमको निरन्तरताको आगि आवश्यक बजेट विनियोजन गरेको छु।
- आगामी आर्थिक वर्षमा च्याङ्ग्रा प्रवर्द्धनको लागि रु. ६ लाख तथा याक प्रवर्द्धनको लागि रु. ५ लाख बजेट व्यवस्था गरेको छु।
- विगत आर्थिक वर्षहरुमा जस्तै लघु उद्यम विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु जस्तै प्रविधी हस्तान्तरण, पुनर्ताजगी र एडभान्स सीप विकासका कार्यक्रम एवम नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रमहरु निरन्तरताको लागि रु. १३ लाख बजेट व्यवस्था गरेको छु।
- चालु आर्थिक वर्षमा निर्माण शुरु भएको घरपझोङ गाउँपालिका वडा नम्बर ५, ठिनी स्थित ग्रेडिङ/वासिङ मेशिन सहितको स्याउग्राम निर्माणको लागि संघीय सरकार मार्फत रु.७० लाख बजेट व्यवस्था गरेको छु।
- पर्टयन पूर्वाधार निर्माण एवम पर्यटन प्रचार प्रसारको लागि विद्यालय पर्यटन कार्यक्रम, तथा पर्यटन प्रवर्धन कार्यक्रमको लागि उचित वजेट व्यवस्था गरेको छु।
- आगामी आ.व.मा घरपझोङ ४ जोमसोम स्थित गणेश मन्दिर परिसरमा मुक्तिनाथ अन्नदान अतिथी भवन पूर्वाधार निर्माण गर्न संघीय सरकार बाट रु.९० लाख बजेट व्यवस्था भएको जानकारी गराउँछु।

<u>पूर्वाधार विकास क्षेत्रः-</u>

- आगामी आर्थिक वर्षको लागि पूर्वाधार विकास क्षेत्र तर्फ गाउँपालिका क्षेत्रभित्र निम्न बमोजिम योजना एवम कार्यक्रमहरु प्रस्ताव गरेको छु।
- संघीय सरकार बाट योजना स्वीकृत भई चालु आ.व. बाट निर्माण कार्य शुरु भएको मार्फा-छैरो बेलिबृज निर्माण कार्यको लागि रु.१ करोड ४० लागि बजेट व्यवस्था गरेको छु।
- गाउँपालिकाको आन्तरिक आयमा समेत ठुलो हिस्सा बन्न सक्ने चाइना टाउन(व्यवसायिक भवन) निर्माणको कार्य अगाडी बढाउनको लागि रु.४५ लाख बजेट व्यवस्था गरेको छु।
- चालु आर्थिक वर्षमा निकै महत्वपूर्ण एवम फलदायी बनेको स्थानीय जनता संग साझेदारी कार्यक्रम निरन्तरताको लागि रु.१५ लाख बजेट विनियोजन गरेको छु।
- प्रदेश तर्फको समपुरक योजना रोङ्ती देखि स्याङ पुलचोक सम्म कालिगण्डकी नदिमा बोल्डर सहितको तटबन्ध निर्माण योजना, सडक बोर्ड नेपाल बाट प्राप्त हुने योजना, पर्यटन बोर्डबाट प्राप्त हुने र अन्य निकायबाट प्राप्त हुने समपुरक एवम साझेदारी योजनाको लागि रु.१ करोडको समपुरक कोष व्यवस्था गरेको छु।
- विभिन्न समयमा केहि सार्वजनिक निर्माण वा मर्मत तथा अन्य निर्माण कार्य आकस्मिक रुपमा निर्णय गरी निर्माण गर्नका लागि आवश्यकतामा आधारीत अन्य पूर्वाधार निर्माण शिर्षकमा रु.२० लाख बजेट व्यवस्था गरेको छु।
- मार्फा स्थित जनवाल मा.वि.को सोइल टेष्ट, वातावरणिय प्रभाव अध्ययनको साथै विस्तृत परियोजना निर्माणको लागि रु.१० लाख र ऐतिहासिक घरपझोङ किल्लाको मास्टर प्लान निर्माण गर्नको लागि रु.१० लाख बजेट व्यवस्था गरेको छु।
- वडा नम्बर ३ स्याङमा निर्माणाधिन साउना बाथ निर्माण सम्पन्न गर्न रु.१५ लाख, वडा नंबर २ मार्फामा खेलग्राम पूर्वाधार निर्माण कार्य अगाडी बढाउनको लागि प्रदेश सरकार मार्फत रु.४० लाख बजेट व्यवस्था गरेको छु।
- वडा नम्बर २ मार्फामा भित्री गल्लीमा छपनी बिच्छाउने कार्य, मार्फा सभागृह हलमा रंग रोगन कार्य, आमा समुहको भवन मर्मत कार्य आदिको लागि उचित बजेट व्यवस्था गरेको छु।
- वडा नंबर १, ४ र ५ मा विभिन्न निर्माण कार्यको लागि बजेट व्यवस्था गरेको छु।

## सामाजिक विकास क्षेत्रः-

- शिक्षा, स्वास्थ्य, महिला वालबालिका,जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा तथा संरक्षण लगायतका वृहत उपक्षेत्रहरु समेट्ने सामाजिक विकास तर्फ निम्नबमोजिम बजेट व्यवस्था गरेको छु ।
- वालमैत्री स्थानीय शासनको लागि विद्यालयमा विभिन्न संरचना निर्माणको लागि रु.१० लाख व्यवस्था गरेको छु।
- संघीय सरकारबाट प्राप्त हुने दिवा खाजा कार्यक्रमको लागि वर्तमान अवस्था एवम् महंगीलाई मध्यनजर गर्दै थप प्रोत्साहन स्वरुप दैनिक रु.५ को दरले थप हुने गरी कुल रु.५ लाख बजेट व्यवस्था गरेको छु।
- युवा रोजगारीको लागि रुपान्तरण पहल योजना तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना स्वरुप संघीय सरकार बाट शसर्त अनुदान तर्फ कार्यक्रम नियमित गरेको छु।
- रोजगार प्रवर्धन अन्तर्गत आगामी आ.व.मा आप्रवासी स्रोत केन्द्र व्यवस्थापन गरी मनोसामाजिक परामर्शकर्ता भर्ना गरी कार्यक्रम अगाडी बढाउन आवश्यक बजेट व्यवस्था गरेको छु।
- स्वास्थ्य तर्फ नियमित औषधी खरिद, स्वास्थ्य चौकी व्यवस्थापन, ल्याव व्यवस्थापन एवम् ल्याब टेक्निसियन, पूर्ण संस्थागत सुत्केरी तथा सुनौला हजार दिन, पुर्ण खोप दिगोपन, घरदैलो एवम् गाउँघर क्लिनिक कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य संस्था सुदृढिकरणको लागि आवश्यक सामग्री खरिद, मार्फा स्वास्थ्य चौकीमा २४ घण्टे सेवा प्रदान, लगायतको कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।
- महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुको लागि उपाध्यक्ष संग वृहत स्वास्थ्य शिबिर कार्यक्रमको लागि रु.५ लाख बजेट व्यवस्था गरेको छु।
- स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न नागरिक तथा महिला स्वास्थ्य स्वयंसेविकाको प्रिमियम भुक्तानीको लागि रु.८ लाख बजेट व्यवस्था गरेको छु।
- महिलाहरुको स्वास्थ्य, आर्थिक अवस्था एवम् वातावरणीय प्रदुषणलाई न्यूनिकरण गर्न वातावरण मैत्री पुनः प्रयोग गर्न मिल्ने कपडाको स्यानिटरी प्याड वितरण कार्यक्रमको संचालन गर्न लक्षित महिलाको लागि उचित बजेट प्रबन्ध गरेको छु।
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा आरोग्य केन्द्र स्याङको लागि आयुर्वेदिक औषधी खरिदको लागि बजेट प्रवन्ध गरेको छु।
- नेतृत्व विकासका लागि उद्घोषण तालिम, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, स्थानीय वाल सञ्जाल गठन, वालश्रम मुक्त स्टिकर टाँस, गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत साधारण र प्राविधिक धार तर्फ एस.इ.इ. मा उत्कृष्ट छात्र छात्रा पुरस्कार लगायतका कार्यक्रमको लागि आवस्यक बजेट व्यवस्था गरेको छु।

## वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः-

- सम्भावित विपद् तथा जोखिम न्यूनिकरणको लागि ग्याबिन खरिद गर्न रु.६ लाख बजेट व्यवस्था गरेको छु।
- विपद् व्यवस्थापनको लागि कोष स्थापना गरी विपद व्यवस्थापन पूर्वतयारी गर्नको लागि रु.१३ लाख बजेट विनियोजन गरेको छु।

- वातावरण स्वच्छ राख्ने उद्धेश्यले फोहोर मैला प्याकेटीङ कार्य अगाडी बढाउन तथा गाउँ टोल सफा राख्ने समुहलाई प्रोत्साहन स्वरुप पुरस्कार गर्न तथा प्लाष्टिकका बोत्तल र बोरा संकलनको लागि बोत्तल कलेक्टर निर्माण गर्न आवस्यक बजेट व्यवस्था गरेको छु।
- फोहोर मैला व्यवस्थापनको लागि चालु आ.व.मा जस्तै सचेतना, होडिङ बोर्ड, तालिमको साथै ACAP लगायत अन्य साझेदार संस्थाहरु संग साझेदारीमा वातावरण सम्वन्धी कार्यक्रम गर्नको लागि फोहोर मैला व्यवस्थापन शीर्षकमा रु.१० लाख बजेट व्यवस्था गरेको छु।
- आगामी आर्थिक वर्ष २०८१/८२ मा स्थानीय संचित कोषबाट व्ययभार हुने रकम सहित विभिन्न कार्यक्रमहरु तथा आयोजनाहरुको सूचि सहितको विनियोजन विधेयक, २०८१ समेत यसै साथ संलग्न गरेको छु।

**सभाध्यक्षज्यू एंव गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस सम्मानित सभामा गाउँपालिका क्षेत्र भित्र आगामी आर्थिक वर्षमा लगाइने कर तथा गैरकर दस्तुर समेत संलग्न भएको आर्थिक विधेयक,२०८१ प्रस्तुत गर्ने अनुमती चाहान्छु। स्थानीय सरकारको प्रमुख आन्तरिक श्रोत स्थानीय स्तरमा नै संकलन हुने कर तथा शुल्कहरुको एकमुष्ठ रकम हो।चालु आर्थिक वर्षभन्दा केहि दरका क्षेत्रहरु विस्तार गर्ने प्रवन्ध मिलाएको छु।यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा तय गरिएका राजस्व संकलनका दरहरुको प्रस्तावित विवरण यसै साथ संलग्न आर्थिक विधेयक, २०८१ मा संलग्न गरी पेश गरेको छु।

**सभाध्यक्षज्यू एवम् सभाका सदस्यज्यूहरु,**

अन्त्यमा,

आगामी आर्थिक वर्ष २०८१/८२ को लागि आय व्यय अनुमान प्रस्तुत गरिरहँदा हामीले केन्द्र तथा प्रदेश सरकारद्वारा प्राप्त मार्गदर्शन तथा ऐन नियमहरुको पूर्ण रुपमा परिपालना गर्दै सिमित स्रोत साधनका बावजुद आर्थिक वर्ष २०८१/८२ मा लिईएका नीति तथा कार्यक्रमहरुसंग तादाम्यता मिलाउने प्रयास गरेको छु। तथापी सबैले आफ्नोपनको अनुभूति गर्न सक्ने स्थानीय सरकारप्रति जनतामा रहेका असिमित चाहाना र आकांक्षाका कारण हामीले बजेट मार्फत सबै आवश्यकताहरुलाई सम्बोधन गर्न नसकिरहेको अवस्था हुन सक्छ।यसलाई हाम्रो वाध्यताको रुपमा बुझिदिनुहुनेछ भन्ने विश्वास लिएको छु। प्रस्तावित बजेट कार्यान्वयनमा जनप्रतिनिधी, कर्मचारी संयन्त्र एवम् घरपझोङबासी आदरणिय दिदिबहिनी, दाजुभाई लगायत सरोकारवाला सबै पक्षहरुको आत्मिय साथ र सहयोगको पूर्ण अपेक्षा राख्दछु।साथै आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनले हामीले तय गरेको हाम्रो गाउँपालिकाको नारा "घरपझोङको संवृद्धिः कृषि, पर्यटन र संस्कृति" लाई साकार पार्नमा कोषेढुङ्गा सावित हुनेछ।यस बजेट तथा योजना तर्जुमा प्रक्रियामा संलग्न सभाध्यक्षज्यू, सबै विषयगत समितिका पदाधिकारीज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा कार्यसमिति, कर्मचारी संयन्त्र लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु।प्रस्तुत बजेट पारित गरी कार्यान्वयन गर्न समेत यहाँहरुको सक्रिय सहभागिता रहनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद । जय नेपाल । जय घरपझोङ ।

**जमुना थापा मगर**
**उपाध्यक्ष**